Din Bahadur Thapa **Pragnya Sarathi** *Vol.* 22, 2024, pp. 66-73

Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438
DOI: https://doi.org/10.3126/ps.v22i1.64843

# खस जातिको ऐतिहासिक पृष्ठाधारमा बगाले थापाको मस्टो परम्परा

दिनबहादुर थापा, विद्यावारिधि
प्राध्यापक, नेपाली विभाग, धवलागिरि बहुमुखी, क्याम्पस, बागलुङ
Email: din21036@gmail.com

## लेखसार

प्राचीन 'कस या शक' जातिको आधुनिक नाम खस हो । खस भाषा बोल्ने र खस साम्राज्यको ऐतिहासिक पृष्ठभूमिबाट विकसित जात वा समुदाय विशेषलाई खस भनिन्छ । कुनै समय त्रिशुली र नारायणी नदीदेखि पश्चिममा पर्ने गण्डकी प्रदेश, कर्णाली प्रदेश तथा महाकाली पारिका कुमाऊँ, गढवाल, कश्मीर, लद्दाखसहित पञ्जावको सतलज नदी र तिब्बतको खारी प्रदेशसम्मको सवा लाख पर्वतले युक्त पर्वतीय भूभागलाई खसादेश, खसान क्षेत्र वा खस साम्राज्यका नामले चिनिन्थ्यो । यिनै खसहरुको बसोबास क्षेत्र, भाषिक पृष्ठभूमि र मस्टो परम्परा केकसरी विकास भयो भन्ने सन्दर्भलाई जोडेर यो लेख तयार गरिएको छ । खसहरुको मौलिक पहिचान, परम्परा र निरन्तरता भनेकै खस भाषा र मस्टो पूजा हो । खसहरु मध्येकै सैनिकको लस्कर वा बगालमा बसी नयाँ राज्य स्थापना गर्नमा विशेष भूमिका खेल्ने थरहरुमा बगाले थापाहरु पनि हुन् । बगाले थापाका मूल पुरुष कालु थापा मानिन्छन् । उनैका सन्ततिहरु देशका विभिन्न भूभागमा छरिएर रहेका छन् । यिनै खसहरु र बगाले थापाहरुको ऐतिहासिक पृष्ठभूमि तथा मस्टो पूजा परम्पराको खोजी गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । पुस्तकालयीय अध्ययनबाट खसको ऐतिहासिक र भाषिक पृष्ठाधारको खोजी गरिएको छ भने क्षेत्रीय अध्ययनबाट पर्वत, बागलुङ, म्याग्दी र रोल्पामा बसोबास गर्ने बगाले थापा र उनीहरुले पुज्ने मस्टो परम्पराको चर्चा गरिएको छ । यस आलेखमा नेपाली भाषा र मस्टो परम्परा खस जातिका मौलिक विशेषता हुन् भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** खस साम्राज्य, निरन्तरता, परम्परा, पृष्ठाधार, बगाले थापा, मस्टो पूजा

## परिचय

नेपाल बहुजाति, बहुभाषा, विविध संस्कार र संस्कृति भएको मुलुक हो । प्राचीनकालमा विशाल भूभागमा फैलिएको नेपाल मध्यकालमा आइपुग्दा पश्चिमतर्फ नागराजको खस राज्य, दक्षिण पूर्वी भेकमा नान्यदेवको सिमरौनगढ र बीचमा नेपाल मण्डल गरी तीनवटा राज्यमा विभाजित थियो (बानियाँ, २०६३, पृ. ११) । कर्णाली प्रदेशमा स्थापना भएको खस राज्य विस्तार हुँदै जाँदा पूर्वमा गण्डकी प्रदेश, पश्चिममा केदार खण्ड (कुमाऊँ र गढवाल), उत्तरमा खारी प्रदेश (गुङ्गे, गाङ्ग्री र पुराङ) र दक्षिणमा लद्दाखसम्म फैलिएको थियो (अधिकारी, २०६१, पृ. १९६) । यो भनाइले पनि नेपालको सिमाना कहिले फैलिने र कहिले खुम्चिने गर्थ्यो भन्ने सङ्केत गर्दछ ।

एउटा लोकोक्ति छ "इतिहास नपढ्नेले वर्तमान बुझ्दैन, वर्तमान नबुझ्नेले भविष्य सोच्दैन" । हुन पनि आज नेपालीहरुमा आफ्नो मौलिक पहिचान के हो भन्ने विषय गौण बन्दै गएको छ । नेपालको राज्यसत्ता, शासकीय प्रणाली र नेपाली भाषाको इतिहास खस सभ्यतासँग जोडिएको छ । तर खसहरु को हुन् र खस सभ्यताको इतिहास केकसरी उत्थान र पतन भयो भन्ने सम्बन्धमा विभिन्न विद्वान्हरुका आआफ्नै तर्क र अनुमानहरु रहेका छन् । वास्तवमा खसको खास इतिहास अध्ययनको विषय बन्न सकिरहेको छैन ।

खस र खस साम्राज्यका विषयमा इ.टि. एट्किन्सन (१८८६ इ.), जि. टुची (१९५६ इ.), राहुल सांकृत्यायन (१९५३ इ.), जि.ए. ग्रियर्सन (१९६८), ब्राइन हुटन हड्सन, योगी नरहरिनाथ (२०१२, २०१३), धनवज्र वज्राचार्य (२०२८), सत्यमोहन जोशी (२०२८), मोहनबहादुर मल्ल (२०२८), बालचन्द्र शर्मा (२०३३), पूर्णप्रकाश नेपाल 'यात्री' (२०३५), राजाराम सुवेदी (२०५४), बालकृष्ण पोखरेल (२०५६), सूर्यमणि अधिकारी (२०६१), डिल्लीरमण रेग्मी, रामनिवास पाण्डे (१९९७) र डोरबहादुर विष्ट (१९८०) आदिले खसको इतिहास लेखेका छन् । खसका विषयमा मनग्य कलम चलाइए पनि अनुकूलन र रुपान्तरणसँगै खस साम्राज्य, खस भाषा र मस्टो परम्पराले आफ्नो मौलिकपन गुमाउँदै आएको देखिन्छ ।

खसहरु मध्येकै राज्य सञ्चालन र राज्य स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जात विशेषहरुमा बगाले थापा पनि हुन् । कालु थापादेखि भीमसेन थापासम्मका वीर पुरुषहरु पनि उनै खसका सन्तति हुन् । खसका खास उपलब्धि र विशेषताहरु हराउँदै गए पनि नेपाली भाषा र मस्टो परम्पराले अनुकूलनसँगै रुपान्तरण हुँदै निरन्तरता पाइरहेको अवस्था छ । यसै सन्दर्भमा खसको इतिहासमा बगाले थापाले निरन्तरता दिदै आएको मस्टो पूजाको परम्परा, अनुकूलन र रुपान्तरणको प्रसङ्गलाई यस आलेखमा अध्ययनको विषय बनाइएको छ ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत लेखको मुख्य उद्देश्य खस र बगाले थापाको ऐतिहासिक पृष्ठभूमि तथा मस्टो पूजा परम्पराको खोजी गर्नु रहेको छ । उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा खसको इतिहास, मस्टो पूजा र बगाले थापाको ऐतिहासिक सन्दर्भलाई यहाँ अध्ययनको मुख्य विषय बनाइएको छ ।

**Article information**
**Received**: 30 March, 2024
**Accepted:** 7 April, 2024
**Published:** 16 April, 2024

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

यो अध्ययनमा पुस्तकालयीय, जातिभाषिक र क्षेत्रीय अध्ययन विधिको उपयोग गरी खस, बगाले थापा र मस्टो परम्पराको सन्दर्भलाई खोजी गरिएको छ। खस जाति र मस्टो परम्पराको खोजी गर्ने सन्दर्भमा खस साम्राज्यको इतिहासको वर्णनात्मक परिचय दिइएको छ।

बगाले थापाको मस्टो वा कुल्यान पूजा विधिको अध्ययन गर्ने क्रममा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीहरु प्रयोगमा ल्याइएका छन्। प्राथमिक स्रोतका सामग्रीहरु सङ्कलन गर्ने क्रममा बागलुङ, म्याग्दी र रोल्पा जिल्लाका बगाले थापाले पुज्ने मस्टो पूजाविधिका विषयमा सम्बन्धित क्षेत्रका जानिफकार व्यक्तिसँग औपचारिक, अनौपचारिक र टेलिफोन सम्पर्कबाट समेत जानकारी प्राप्त गरिएको छ। यो लेख तयार गर्दा स्वानुभव, स्थलगत अवलोकन, छलफल र अन्तर्वार्ताका माध्यमबाट प्राप्त सूचनालाई समेत मुख्य आधार बनाइएको छ। त्यसैगरी द्वितीयक स्रोतका सामग्रीहरुमा पुस्तकालयीय अध्ययनबाट प्राप्त सामग्रीहरुलाई अध्ययनको विषय बनाइएको छ। साथै आफैँले प्रकाशन गरेका पुराना लेखहरु र विद्वान्हरुका प्रकाशित पुस्तकहरुको उपयोग गरी खससम्बन्धी ऐतिहासिक र समसामयिक तथ्यलाई यो लेखमार्फत उजागर गरिएको छ।

**खसको इतिहास**

प्राचीन कस वा शक शब्द वैदिक ग्रन्थमा आइपुग्दा 'खश' शब्द प्रचलनमा आएको देखिन्छ। यही 'खश' शब्दलाई नेपाली जनजिभ्रोले 'खस' उच्चारण गर्दै आएको छ। खस जातिको प्राचीन इतिहास खोज्दै जाँदा नेपालबाहिर पश्चिम कुमाऊँ-गढवाल-कास्मिर-बाल्हिक (बडाखसान या हिन्दुकुस), इरान र इराकको सिमानामा पर्ने खासिस्तान हुँदै पश्चिम एसियाको बेबिलोनिया (कस्साइट) साम्राज्यसम्म पुग्नुपर्ने हुन्छ। प्रथमपटक इसापूर्व १८०० तिर पश्चिम इरानमा उपस्थित कस जातिको इतिहास बेबिलोनासँग जोडिएको र इसापूर्व १७०० तिरै खसहरुले कस साम्राज्य स्थापना गरी आफ्नो धर्म, संस्कृति र राज्य सञ्चालनका पूर्वाधारहरु विकास गरिसकेका थिए भन्ने तर्क इतिहासविद्हरुको छ (अधिकारी, २०६१, पृ. २०-२९)। उनै प्राचीन 'कस वा शक' जातिको आधुनिक नाम नै खस हो। यिनै खसहरुको भौगोलिक र भाषिक इतिहासको खोजी यहाँ गरिएको छ।

कस वा खसहरु बेबिलोनाबाट मध्य एसिया हुँदै पूर्वतिर अगाडि बढ्ने क्रममा कास्मिरसम्म फैलिए। पूर्वतर्फ अगाडि बढ्ने क्रममा हिमाञ्चलसम्म खसहरुको प्रभाव बढ्दै गयो। विभिन्न विद्वान्का फरकफरक भनाइहरु रहे पनि इसाको पाँचौं शताब्दी पूर्व नै खसहरु कुमाऊँबाट पश्चिम नेपाल भित्रिसकेका थिए भन्ने तर्क बलियो देखिन्छ (अधिकारी, २०६१, पृ. २९)। बाल्हिक तथा सिन्धु प्रदेशमा आइपुगेपछि खसहरुमा हिन्दु वर्णव्यवस्थाको प्रभाव देखिन थालेको र वैदिक आर्यहरुसँगको सम्बन्ध बढ्दै गएको देखिन्छ।

नेपालको इतिहासमा सबभन्दा ठूलो साम्राज्य भनेकै खस साम्राज्य हो। यो साम्राज्यको क्षेत्र गण्डकी प्रदेश, कर्णाली प्रदेश, खारी प्रदेश र केदार खण्डका साथै लद्दाखसमेत समेटिएको थियो भनिन्छ (अधिकारी, २०६१, पृ. १९६)। खस साम्राज्यको इतिहासका विषयमा इटालिका प्राध्यापक जिसेप टुची र नेपाली योगी नरहरिनाथले दुल्लु कीर्तिस्तम्भको अभिलेख लगायतका अनेक अभिलेखहरुको अध्ययन गरी क्राचल्ल, जितारी मल्ल र आदित्य मल्ल खस साम्राज्यका राजा हुन् भन्ने ठहर गरेका छन् (अधिकारी, २०६१)। कीर्तिस्तम्भको अभिलेखअनुसार टुची र राहुल सांकृत्यायनको अध्ययनले खस साम्राज्यको आधिपत्य दक्षिण पश्चिम तिब्बतसम्म रहेको जानकारी पाइन्छ।

खसहरु र खस साम्राज्यका विषयमा सूर्यमणि अधिकारी, नरहरिनाथ, बालकृष्ण पोखरेल, सूर्यमणि ज्ञवाली, डिल्लीरमण रेग्मी, रामविलास पाण्डे, धनवज्र वज्राचार्य, सत्यमोहन जोशी, राजाराम सुवेदी आदिका अध्ययनले सबै ऐतिहासिक तथ्यलाई स्पष्ट पारेको देखिन्छ। खस जातिबारे स्पष्ट तवरले अध्ययन गरी सत्यतथ्य बाहिर ल्याउने विदेशी विद्वान्हरुमा जिसेप टुची, ब्राइन हुटन हड्सन, ग्रियर्सन र एट्किन्सनको नाम अग्र स्थानमा देखिन्छ (पोखरेल, २०५६, पृ. ६)। यिनै विदेशी विद्वान्हरुको सन्दर्भस्रोत उल्लेख गरी नेपाली विद्वान्हरुले खस र खस साम्राज्यका विषयमा मनग्य कलम चलाएका छन्।

नागराजले जुम्लाको सिँजालाई नयाँ राजधानी बनाइ खस साम्राज्यको स्थापना गरेका हुन् भन्ने प्रमाणहरु टुची (१९५६ इ.), योगी नरहरिनाथ (२०१२), धनवज्र वज्राचार्य (२०२८), सत्यमोहन जोशी (२०२८), मोहनबहादुर मल्ल (२०२८) लगायतका प्रकाशित कृतिका आधारमा सूर्यमणि अधिकारी (२०६१) ले 'खस साम्राज्यको इतिहास' तयार गरेको देखिन्छ। सम्राट अशोक चल्ललाई गण्डकी, कर्णाली र केदारखण्डसहितको सवा लाख पर्वत देशका (सपादलक्षशिखरि खसदेश राजाधिराज) राजा भनिएको छ (अधिकारी, २०६१, पृ. ९)। यो भनाइले पनि खस साम्राज्यको शक्ति र सीमालाई सङ्केत गर्दछ।

बालचन्द्र शर्मा (२०३३) का अनुसार भोट या तिब्बतमा बौद्धधर्मको तान्त्रिक वज्रयान सम्प्रदायको ठूलो अखडा थियो। खस साम्राज्यका कतिपय अभिलेखका शिरमा "ऊँ मणि पद्मे हुँ" भन्ने तिब्बती वा रञ्जना लिपिका बौद्ध मन्त्र लेखिएको पाइनु र दुल्लुको कीर्तिस्तम्भमा नागराजलाई दक्षिण पश्चिम तिब्बतको खारी प्रदेशबाट आएका भनिनुले खसहरु हिन्दु वा बौद्ध कुन धर्मका अनुयायी हुन् र कहाँबाट आएका हुन् भन्ने प्रश्न पनि उठाएको छ। तत्कालीन खस साम्राज्यको राज्यधर्म बौद्धधर्म थियो। खसहरु आफैँमा अहिंसावादी बौद्धधर्मका अनुयायी तथा महायानी बौद्ध मतका उपासक थिए। उनीहरुमा धार्मिक सहिष्णुता थियो। आफू बुद्धधर्मका प्रबल अनुयायी भएर पनि हिन्दु र बौद्धधर्मबीच कुनै भेदभाव राख्दैनथे। हिन्दु ब्राह्मणहरुले पनि खस राजालाई पृथ्वीमा परमेश्वरको अवतारका रुपमा सम्मान गर्दथे (अधिकारी, २०६१, पृ. १४१)। यसको अर्थ खस राजालाई विद्वान् ब्राह्मणको आवश्यकता थियो भने ब्राह्मणलाई आफ्नो विद्वत्ता प्रकट गर्नु थियो। दुबैले दुबैको उत्तिकै सम्मान गर्थे भन्ने अर्थ लाग्दछ।

कस वा खसहरु अवैदिक आर्य हुन भनिएको छ। एट्किन्सन (१८८६) का अनुसार सन् १८८० को दशकमा खसदेश वा खसानमा खसिया ब्राह्मणका २५० र खसिया राजपूतका २८० थर थिए भनिन्छ (अधिकारी, २०६१, पृ. २७)। यिनीहरु पनि वैदिक आर्यजस्तै पश्चिमेसियाबाट भारत प्रवेश गरेका हुन्। वैदिक ग्रन्थहरुमा अफगानिस्तान र पाकिस्तानको उत्तरी भाग तथा कास्मिरको पश्चिमी भागका दुर्गम पहाडी क्षेत्रलाई बाल्हिक प्रदेश भनिन्थ्यो। यही बाल्हिक प्रदेश हुँदै खसहरु कुमाऊँ र गढवालबाट पनि अघि बढेर खसहरुले पश्चिम नेपालमा खस साम्राज्य बनाएका हुन्।

अवैदिक खसहरु वैदिक आर्यको निकट सम्पर्कमा आउँदा खसहरु ब्राह्मण बन्ने प्रक्रिया पौराणिककालसम्म थियो। ब्राह्मण पुरोहितबाट मतवाली क्षत्री पनि तागाधारी बन्ने प्रक्रिया पछिसम्म पनि कायमै रह्यो। श्रीवास्तव (१९७८) का अनुसार पनि इतिहासको कुनै समयमा

खसियाहरु ब्राह्मण र रजपुतमा विभाजित भए । मैदानी भागबाट आएका प्रवासीहरुले आफूलाई शुद्ध ब्राह्मण र रजपुत भन्थे तापनि खसियाहरुले पनि आफ्ना ब्राह्मण र रजपुतहरुलाई समान स्तरमा उभ्याएका थिए (अधिकारी, २०६१, पृ. ३१) । यो भनाइअनुसार पनि खस साम्राज्यमा ब्राह्मण र रजपुतहरु अवैदिक र वैदिक दुबै प्रकारका थिए भन्ने हुन्छ । यसको अर्थ वैदिक आर्यको प्रभाव अवैदिक खसहरुमा बढ्दो क्रममा थियो भन्ने पनि हुन्छ ।

खस जाति प्राचीनकालदेखि नै रणकौशलका रुपमा विख्यात थिए । खस योद्धाहरुका विषयमा महाभारत युद्धमा दुर्योधनका पक्षबाट लडेको र कौरव सेनालाई सघाएको प्रसङ्ग उल्लेख हुनुले पनि खसको वैदिक आर्यसँगको सम्बन्ध र युद्धकौशलको थप पुष्टी हुन्छ । तर मैदानी भूभागमा बस्ने वैदिक आर्यहरुले पहाडी भूभागमा बस्ने खसहरुलाई हेयदृष्टिले हेर्थे भन्ने उदाहरणहरु पनि महाभारत र पौराणिक ग्रन्थहरुमा चर्चा भएको पाइन्छ (अधिकारी, २०६१, पृ. ३६) । यो प्रभाव खसहरुमा पनि परेको थियो । खसहरु पनि आफूलाई अब्बल देखाउन आफू अनार्य वा खस भनी चिनाउन चाहँदैनथे । उनीहरु आफूले आफैँलाई खस नभने पनि अभिलेखहरुमा खसदेशका राजाधिराज वा खसराजा, खसियाराजा भनेर किटान गर्नुले खसहरु अनार्य वा अवैदिक हुन् भन्ने कुराको पुष्टी हुन्छ ।

लगभग पाँचौं शताब्दीदेखि कुमाउँबाट पश्चिम नेपालमा प्रवेश गरी खस साम्राज्य कायम गर्न सफल भएका खसहरुका आफ्नै मौलिक विशेषताहरु छन् । खसहरु आफैँमा अवैदिक भएर पनि वैदिक आर्यहरुसँग धेरै कुरामा मिल्दाजुल्दा विशेषताहरु पाइनु, खस भाषालाई मातृभाषा र सरकारी कामकाजी भाषाका रुपमा प्रयोग गर्नु, मस्टोलाई कुल्यान देवताका रुपमा पुज्नु, धार्मिक सहअस्तित्व (हिन्दु, बौद्ध र प्राकृतधर्ममा) कायमै राख्नु, वर्णव्यवस्थालाई निरन्तरता दिनु र प्रभावशाली खसहरु क्षत्री वा ठकुरीको पगरी गुथेर राजकाजमा संलग्न हुनु खस जातिका जातीय विशेषता हुन् ।

सामाजिक र सांस्कृतिक दृष्टिले कुमाऊँ र पश्चिम नेपाली खस समाजमा खासै भिन्नता पाइदैनन् । उनै खसहरु मतवाली (पावइ) र तागाधारीमा विभाजित भई उनै खसहरु जनै धारण गरी तागाधारी बन्नु, पहाडी बाहुन, क्षत्री र तथाकथित दलित समुदायका मानिसहरुका अधिकांश थरहरु राज्यका सरकारी दर्जा, काम गर्ने पेसा वा आफू बस्ने स्थानवाची गाउँ वा ठाउँका नामबाट थर कायम हुनु, सबै खसहरु आफूलाई बाहुन, ठकुरी वा क्षत्रीका रुपमा आफ्नो स्थान कायम राख्न उत्सुक रहनु, कतैकतै विधवा र अन्तरजातीय विवाह पद्धतिलाई पनि मान्यता दिनु, सबै खसहरुको शारीरिक बनोट र रङ्ग उस्तै देखिनु आदि खस समुदायका साझा विशेषताहरु हुन् ।

खस एउटा जाति वा थर विशेष मात्रै नभएर समग्र राष्ट्रको पहिचान पनि हो । दुखको कुरा खस आज अन्धकार युगमा सुती रहेको छ । यसरी खस निदाउनु र राष्ट्र/राष्ट्रियताका सवालहरु ओझेलमा पर्नु अनुसन्धानकर्ताका लागि चिन्तन र चिन्ताको विषय बन्न पुगेको छ । यस विषयमा अन्वेषक बालकृष्ण पोखरेल "नेपालको बहुसंख्यक जाति भएको नाताले यो उत्तरदायित्व खस जातिले विशेष रुपमा बुझिदिनुपर्छ । नेपाली नामको बिँडो थाम्ने काममा खस पछि पर्न चाहनु ठीक होइन" भन्दै मस्त निदाएको खसलाई बिउँझाउने काम उनले गरेका छन् (पोखरेल, २०५६, पृ. १४) । अन्य विद्वान्हरु पनि यसरी नै खसहरु निदाएकामा चिन्तित छन् ।

यसरी खसहरु बेबिलोना हुँदै पश्चिम एसिया र भारतवर्षमा प्रवेशसँगै इसाको पाँचौ शताब्दीमा कास्मिरबाट पहाडको कछाडै कछाड कुमाउ गढवाल आइ पुगे । खसहरुले सातौं शताब्दीतिर कुमाऊँमा बुद्धधर्म मान्ने कत्युरी शासन व्यवस्था स्थापना गरेका थिए । नवौं शताब्दीतिर शंकराचार्यको भ्रमणले बुद्धमार्गीहरुमा हिन्दुधर्मको प्रभाव पार्‍यो भने ११ औं शताब्दीतिर गङ्गा मैदानबाट आएका चन्द राजपुतले कत्युरी वा खस शासन हत्याएपछि खसहरु त्यहाँबाट कर्णाली प्रदेशतिर प्रवेश गरे । उनै खसहरुले तिब्बतको आन्तरिक किचलोको फाइदा उठाउँदै तिब्बतको खारी प्रदेशमा आफ्नो प्रभुत्व जमाउन सफल भए ।

तिब्बत पुगेका खसकै सन्तान नागराजले १२ औं शताब्दी (वि.सं. ११५०) तिर खारी प्रदेश र कर्णाली प्रदेशलाई मिलाएर पहिलो पटक सिँजालाई राजधानी बनाई खस राज्य स्थापना गर्न सफल भए । उता आफ्नै पुस्ताले गुमाएको कुमाऊँसमेत आक्रमण गरी उनै नागराजले कुमाऊँ, खारी र कर्णालीसमेतलाई जोडेर शक्तिसम्पन्न खसराज्य स्थापना गरे । क्राचल्लका छोरा अशोक चल्लले गढवाललाई पनि खसराज्यमा मिलाएर खारी प्रदेश, केदार खण्ड र कर्णाली प्रदेश गरी विशाल खस साम्राज्य स्थापना गर्न सफल भए । उनै अशोक चल्लको समयमा खस साम्राज्यको सीमा पश्चिमको सतलज नदीसम्म र पूर्वमा त्रिशुली नदीसम्म पुर्‍याइएको रहेछ ।

अशोक चल्लका छोरा जितारी मल्लले तीन पटकसम्म काठमाडौँमा आक्रमण गरेको र उनीपछि पनि उनका सन्तान (खसहरु) ले पनि उपत्यकामा पटकपटक हमला गरी सातपटकसम्म आक्रमण गरेर कर अशुल गरेको बताइन्छ । फरकफरक सामाजिक र सांस्कृतिक पृष्ठभूमि भएका गण्डकी प्रदेश, खारी प्रदेश र केदार खण्डबीच शक्ति सन्तुलन हुन नसकेपछि खारी प्रदेश तिब्बततिरै रह्यो भने अन्य भागहरु पनि टुक्रिदै बाइसे र चौबिसे राज्यमा परिणत भए ।

वि.सं. ११५० देखि १४५० सम्म तीन सय वर्ष अस्तित्वमा रहेको खस साम्राज्य आफ्नै सत्ताको उन्माद र आपसी बेमेलका कारण खस सभ्यता समाप्त भएको देखिन्छ । उनै खसहरुबाट बाइसी र चौबिसे राज्यको उत्पत्ति र विकास हुन पुग्यो । उनै खसहरुबाट राज्य एकीकरण गरी आधुनिक नेपालको निर्माण भयो । तर खसहरु कहाँ छन् ? सोचनीय विषय बनेको छ ।

खसहरु के थिए र कहाँबाट नेपाल प्रवेश गरेका हुन भन्ने तथ्यको खोजी भाषाका माध्यमबाट पनि गर्नसकिन्छ । नेपालमा बोलिने नेपाली भाषा खस भाषाको विकसित रुप हो । नेपाली भाषा संस्कृत, प्राकृत र अपभ्रंश हुँदै आधुनिक आर्य भाषाहरु सरह विक्रमको ११ औं शताब्दीमा यसको उत्पत्ति भएको मानिन्छ । तर खस भाषा संस्कृत, प्राकृत वा अपभ्रंशको कुन शाखा वा उपशाखाबाट नेपाली भाषाको जन्म भएको हो भन्ने सम्बन्धमा विद्वान्हरु बीच मतैक्य पाइदैन ।

ग्रियर्सन (१९६८) ले खस भाषालाई पहाडी भाषा भनेका छन् । पहाडी भाषालाई उनले पश्चिमी पहाडी, केन्द्रीय पहाडी र पूर्वी पहाडी भनी तीन वर्गमा बाडेका छन् (अधिकारी, २०६१, पृ. १२६) । उनले गढवालदेखि पश्चिममा बोलिने भाषालाई पश्चिम पहाडी, गढवाली-कुमाऊँनीलाई केन्द्रीय पहाडी र सिँजालीलाई पूर्वी पहाडी भाषा भनेका छन् । यही पूर्वी पहाडी वा सिँजालीबाट पर्वते, गोर्खाली र नेपाली भाषिकाहरुको विकास भएको हो । खस भाषाको जननी संस्कृत भाषा नभएर खस र संस्कृत भाषाको भगिनी सम्बन्ध थियो भन्ने तर्क अधिकारीको छ (२०६१, पृ. १२६) । बरु दरदी, पैशाची र खस भाषाको

उद्‌गम स्रोत संस्कृत नभएर बाल्हिक हो भन्ने तर्क पनि उनको छ । यो तर्क यथार्थको नजिक देखिन्छ ।

भाषाशास्त्री होर्नलेले नेपाली भाषा प्राकृतको उत्तरी गौडीबाट र प्रबोधकुमार पण्डितले प्राक्दक्षिण-पश्चिमी वर्गको प्राक्पहाडी उपवर्गबाट विकसित भएको कुरा चर्चा गरेका छन् (तिवारी, १९९६, पृ. २०४-५ इ.) । जर्ज ग्रियर्सनले नेपाली भाषाको साइनो पहाडी वर्गका भाषासँग रहेको बताएका छन् भने टर्नरले नेपाली भाषा मागधी प्राकृतबाट अपभ्रंश हुँदै जन्मेको तर्क राखेका छन् (भट्टराई र भट्टराई सम्पा., २०४७, पृ. ४) । त्यसैगरी सुनीतिकुमार चटर्जीले नेपाली, कुमाउनी र गढवाली भाषालाई खस अपभ्रंशबाट विकसित भएका भाषा हुन् भनेका छन् (रेग्मी, २०२५, पृ. १८३) । तर भोलानाथ तिवारी ( १९९६, पृ. २०५) ले भने नेपाली भाषा शौरसेनी अपभ्रंशबाट विकसित भएको धारणा व्यक्त गरेका छन् । यही तर्कलाई समर्थन गर्दै बालकृष्ण पोखरेलले पनि शौरसेनी प्राकृतबाट अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने तर्क राखेका छन् (तिवारी, २०३०, पृ. ५) । आधुनिक नेपाली भाषाको जग भनेकै खस भाषा हो भन्ने विषयमा कुनै दुविधा छैन ।

नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा पारसमणि प्रधानले खस प्राकृतबाट खस अपभ्रंश हुँदै उत्पत्ति भएको हो भन्ने तर्क राखेका छन् (तिवारी, २०३०, पृ. ४) । उनको तर्कअनुसार गढवाल र कुमाउँ हुँदै खसहरु पश्चिम नेपालको कर्णाली प्रदेशमा प्रवेश गरेका हुन् । यही खस प्रदेशमा बोलिने 'खसकुरा' नै आजको नेपाली भाषा हो । "कर्णाली प्रदेशमा खस भाषाले मजबुत जग हाल्ने काम गरेको थियो तापनि यसले वर्तमान प्रचलित नेपालीको रुप लिने काम गण्डकी प्रदेशमा आइ गर्न थाल्यो" भन्ने तर्क दयाराम श्रेष्ठको छ (२०३८, पृ. ४) । बल्लभमणि दाहाल, चूडामणि बन्धु, मोहनराज शर्मा आदिको पनि खस प्राकृतबाट खस अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने धारणा रहेको पाइन्छ (थापा, २०७४, पृ. १७३) । खसहरुको राजभाषा नै खस भाषा भएको हुनाले पनि नेपाली भाषा भारोपेली परिवारको आर्य-इरानेली शाखाबाट बाल्हिक प्रदेश हुँदै खस प्राकृतबाट खस अपभ्रंश हुँदै विकसित भएको हुनुपर्दछ ।

**खसहरुको मस्टो परम्परा**

खसहरुको मौलिक पहिचान भनेको मस्टो परम्परा हो । नेपालमा जातीय पहिचानका आधारहरु थर, गोत्र, कुल, धर्म, पेसा, भूगोल आदि हुन् । थरहरू पनि कुनै समयका पेसा, उपाधि र स्थान विशेषका नामबाट रहन गएका हुन् । रत्नाकर देवकोटा (२०६४, पृ. १६४-१६५) का अनुसार थापा (सेनाप्रमुख वा राज्यको स्थापक), आचार्य (शास्त्रीय आचार पालना गर्ने), द्विवेदी (दुई वेद पढ्ने), सुवेदी (शुद्ध वेद पढ्ने), अधिकारी (अधिकारवाला), कार्की (सैनिक अधिकृत), खड्का (अङ्गरक्षक), भण्डारी (कोषाध्यक्ष) आदि पेसासँग सम्बन्धित थरहरू हुन् । त्यस्तै पोखरेल, गैरे, रेग्मी, गौतम, घिमिरे आदि स्थान विशेषका नामबाट राखिएका थर हुन् । जुम्लाको सिँजाबाट पूर्वतिर आएका सबै खसहरूका आदिम वा प्राकृतिक देवता भनेकै मस्टो हुन् । यिनै मस्टोलाई आज कुल वा कुल्यान भनिन्छ (थापा, २०८०, पृ.६) । यिनै मस्टो देवतालाई जुम्लाबाट आएका सबै खसहरूले निश्चित स्थानमा आआफ्नै कुल्यानथान बनाएर निश्चित तिथिमितिमा कुल पुज्ने चलन छ । कुल वा मस्टोको मौलिकपन भने हराउँदै गएको छ ।

कुलका प्रतीक नै मस्ट/मस्टा वा मस्टो हुन् । मस्टोलाई वायुको प्रतीक वा कुलको निराकार स्वरुप मानिन्छ । मस्टोसँग मूर्ति र मन्दिरको कल्पना हुँदैन भन्ने स्थापित मान्यता छ (शर्मा, २०७१, पृ. २४८) । बरु मस्टोलाई लिङ्गो र ध्वजाको रुपमा पूजा गरिन्छ । आज पनि हरेक कुलपूजामा बाँस वा निगालो प्रजातिको लिङ्गो र रातासेता ध्वजाको अनिवार्यता रहन्छ । लिङ्गो उपासनाले पशुपालन युगको सङ्केत गर्दछ भने ध्वजाले विजय उत्सवको सङ्केत गर्दछ । कतिपय मस्टोका उपासकहरूले मस्टोको निराकार रुपलाई साकार रुप दिन ध्वजालाई इन्द्रको प्रतीक र लिङ्गोलाई शिवको प्रतीकका रुमा अर्थ्याएको पनि पाइन्छ (खत्री, २०५८, पृ. ७५) । सायद यसैबाट थानहरू मन्दिरमा विकसित भएको हुनुपर्छ । तर लिङ्गो पुज्दैमा कुललाई शिवको प्रतीक मान्नु सान्दर्भिक देखिदैन ।

मस्टोका विषयमा फरकफरक भनाइहरू पाइन्छन् । कतै बराह र मस्टो फरकफरक देवता हुन् भन्ने भनाइ पाइन्छ भने कतै बाह्र भाई मस्टोलाई बराहमस्ट भनिएको हो पनि भनिन्छ । कतै अठार भाइ मस्टोका एउटी बहिनी (मन्डाल्नी वा भवानी) र उनै बहिनीका बाह्र भाइ छोराहरू बराह हुन् भनिएको पाइन्छ । यिनै १८ भाइ मस्टा ( मामा) र १२ भाइ बराह (भान्जा) लाईसँगै पूजा गरिने भएको हुँदा बराहमस्ट भनिएको हो भन्ने तर्क पनि सुन्न पाइन्छ । प्राय: खसहरूको कुलपूजामा मस्टोलाई बोका र बराहलाई थुमा (भेडाको साँढ) बलि चढाउने परम्परा देखिन्छ । खसहरूले बराहलाई कुलका इष्ट देवता मान्ने चलन छ । जनजातिले बराहलाई साँढले पूजा गर्दछन् । यसर्थमा खस र मगर (जनजाति) हरूको सहसम्बन्ध धेरै पुरानो हो भन्ने तथ्यको पुष्टी हुन्छ ।

माधवप्रसाद पोखरेलको भनाइमा पनि "सबै पहाडे खस (बाहुन, छेत्री, ठकुरी, कामी, दमाई, सार्की, बादी आदि) हरूका मूल कुल देवता मस्टो हुन् । मस्टो बाल ब्रह्मचारी हुन् । मस्टोको थान खुला हुन्छ, त्यहाँ छानो हुँदैन, मस्टोको मूर्ति हुँदैन, ढुङ्गो थापेर अथवा खोपामै मस्टो पूजा गरिन्छ" (पोखरेल, २०७६, मङ्सिर १४) । मस्टोका बाबु इन्द्र हुन् र उनका आराध्य देव शिव हुन्, शिवले सबै प्राणीको भरणपोषण र रक्षा गर्न खटाएका गणपति मस्ट हुन् पनि भनिन्छ । मस्टोलाई कुलदेवता, भूमिपति, क्षेत्रपाल, स्थानीय देवताका गणपति, परम शक्तिका देवता, उदारता र समन्वयका प्रतीक आदि अर्थको प्रतीकका रुपमा पनि हेरिन्छ ।

मस्टोका अनेक किंवदन्तीहरू सुन्न पाइन्छ । मस्टोका कतै १२ भाइ, कतै १६, कतै १८ भाइ र तिनका अनेक उपभेदहरू छन् भन्ने जनश्रुतिहरू पाइन्छन् । गोपीनाथ शर्माका अनुसार बुढा, कःवाँ, थार्पा, बाबिरो, लिउडी, कमल, सिम, रमाल, ढँडार, दुसापानी, डढीर र सितल गरी १२ प्रकारका छन् (२०७१, पृ. २४८) भनिएको छ । सबैका आआफ्नै तर्कहरू छन् । माधवप्रसाद पोखरेल (२०७६) लाई प्राप्त सूचनाका आधारमा "उखाडी (जुम्ला), कवा (मुगु), कालसिला ( कालिकोट), क्षेत्रपाल (जुम्ला), खापड (कालिकोट), ढँडार (बझाङ), थार्पा (मुगु), दारे (मुगु), दुधे (दुल्लु), बाम (जुम्ला), बाबिरो (जुम्ला), बिजुल्डाणो (जाजरकोट), बुडु (जुम्ला), रमाल (अछाम), लाटो (जुम्ला) र सुनारगाउँ (जुम्ला)" खसान क्षेत्रका मस्टोहरू हुन् । यिनीहरु मध्येकै मस्टोलाई पहाडे खसहरुले आफ्नो कुल्यान मान्दछन् । यी मस्टोहरुमा पनि सत्वगुणी (सालबसाली खिररोटी र दुधधार खाने), रजोगुणी (रक्तबलि खाने) र तमोगुणी (दुबै किसिमको भोग लिने) वर्गमा पर्दछन् भन्ने विश्वास रहेको छ ।

मस्टो निराकार हुने हुनाले सामान्य व्यक्तिबाट मस्टो वा कुलपूजा हुन सक्दैन । मस्टो वा कुल बोलाउने, पूजा गर्ने र विदा गर्ने विशेष व्यक्तिलाई मूल धामी र धामीको सहयोगीलाई डाङ्ग्रे भनिन्छ (तमबहादुर थापा, वर्ष ७१) । कुलपूजामा धामीले आफ्नो उत्पत्ति, विस्तार, शाखा, सन्तान र सबै पूजाविधिका विषयमा झाँकमा बताउँछ । त्यसैलाई पतुर्ने वा पतुर्नु भनिन्छ । मस्टो वा कुल उत्रिएका धामीमा यी र यस्तै ऐतिहासिक कुरा, समसामयिक विषय र भविष्यवाणी गर्नसक्ने सामर्थ्य हुन्छ भन्ने विश्वास गरिन्छ । अहिले पनि कतिपय स्थानहरूमा कुलका सक्कली धामी वा डाङ्ग्रेले आगोमा नाच्ने, तातो ताइमा हात चोप्ने, बलिको रगत चुस्ने जस्ता आश्चर्यजनक कार्यहरू गरेको देखिन्छ । कतिपय सन्दर्भमा धामीले औषधोपचारसमेत गर्दछन् ।

मस्टोलाई कतिपयले खस जातिका देवता भएको र पछि मस्टो पुजक खसहरुलाई पनि हिन्दुकरण गरिएको तर्क पनि राख्छन् । पश्चिमबाट पूर्वतिर सर्ने क्रममा कतिपयले “आफ्ना कुलदेवतालाई साथै लिएर गए र तिनलाई आआफ्नो ढङ्गले मान्दै रहे, शास्त्रीय हिन्दुधर्मको पर्व-पूजा र आचरणमा व्यापक प्रभाव परेपछि कतिले आफ्नो प्रारम्भिक कुलदेवता बिर्से र अन्य लोकप्रिय देवीदेवतालाई नै कुलदेवताको रुपमा प्रतिष्ठापित गरे” भन्ने तर्क पनि पाइन्छ (खत्री, २०५८ पृ. ७५) । वास्तवमा गण्डकी क्षेत्रमा मस्टोलाई मस्टोकै विधि र पद्धतिमा पूजा गरेको पाइदैन । बरु आज मस्टोलाई कुलपितृको प्रतीक, शिवको अंश, इन्द्रको सन्तान वा प्रकृतिको प्रतीक मानेर कुनै न कुनै रुपमा पुजिन्छ । मस्टोलाई खस जातिको मुख्य देवता, सामाजिक न्यायका देवता, पथप्रदर्शक, पालनकर्ता र सम्भारकर्ताका रुपमा लिइन्छ । मस्टोको मर्म नबुझ्नेहरूले मस्टोथानलाई मन्दिरमा परिणत गरी अवैदिक धामीको सट्टा वैदिक विधिपूर्वक पूजापाठ गर्न थालिएका उदाहरणहरू पनि पाइन्छन् ।

संस्कृतिविद् जगमान गुरुङ (२०७६) को भनाइअनुसार सम्पूर्ण खस (क्षत्रीबाहुन) हरूका कुल भनेकै मस्टो हुन् । मस्टोका १२ भाइ र नौ बहिनी भवानी छन् । मस्टो पुज्ने आआफ्नै विधि र परम्परा हुन्छ । मस्टोको थानमा कुलको ज्येष्ठ पुरुष (जेठोबुढो) र धामीबाहेक अरु प्रवेश गराउनु हुँदैन र थानमा छानो राख्नु हुँदैन भन्ने तर्क गुरुङको छ । मस्टोका नाममा धूप राख्दासाथ धामीमा मस्टो आफैँ चढ्छन् । मस्टोको निवास वा थान ओढार, दुधालु रुख, फलफूलको रुख वा बर्सौं टिक्ने रुखमुनि हुन्छ । पूजाको दिनमा मात्र त्यहाँ स्याउला बारेर थान बनाइन्छ । त्यही थानमा पूजाको दिन घरबाट चमर, घण्टी, दियो, कलस र पूजासामग्री ल्याई पूजा गरिन्छ ।

गुरुङ (२०७६) का अनुसार यदि कसैले मस्टोको विधिविपरीत काम गरेमा तुरुन्त अनिष्ट हुन्छ भन्ने जनविश्वास रहेको छ । उनको भनाइअनुसार मस्टोको थान सारेर पनि सर्दैन र मस्टोको थानमा चमर, घण्टी र दियोबाहेक अरु (मूर्ति, चित्र, मन्दिर) केही आवश्यकता पर्दैन । गुरुङले भने झै आजभन्दा करिब ३५ वर्ष पहिलेसम्म यस क्षेत्रका प्रायः खसहरूका आआफ्नै कुल्यानथानहरू थिए । आज ती सबै थानहरू मन्दिरमा परिणत भइसकेका छन् र धामी वा डाङ्ग्रेहरू पनि हराइसकेका छन् । अतिथिलाई भगवान् मान्ने हाम्रो संस्कार र संस्कृतिले गर्दा पनि आफ्नै कुल वा मस्टोलाई बिर्सेर अतिथि देवीदेवतालाई मात्रै पुज्न थालेका दृष्टान्तहरु पनि पाइन्छन् ।

मस्टो पुजक खसहरूमा विभिन्न थरका थापाहरू पनि हुन् । थापा थर कुनै समयको सैनिक उपाधि हो भन्ने विश्वास रहेको छ । नेपालमा मगरबाहेक खस थापाका थरहरूमा बगाले, गोदार, सुयल, खुलाल, पुवाँर, लामिछाने लगायत ५० भन्दा बढी र गोत्रहरू आत्रेय, कश्यप, भारद्वाज, गर्ग, अत्रि, वशिष्ठ, कौडिन्य लगायत भएको जानकारी पाइन्छ (देवकोटा, २०६४, पृ. १९३) । यी सबै थापाका कुनै न कुनै स्थानमा मस्टो वा कुलको थान रहेको हुन्छ । त्यही कुल्यानथानमा मस्टो पुजिन्छ । मस्टो पुजक थापाहरु मध्येका बगाले थापाको कुल वा मस्टो पूजाविधिका विषयमा थप चर्चा गरिएको छ ।

### बगाले थापा र मस्टो परम्परा

बगाले थापाको इतिहासलाई खोजी गर्दै जाँदा पश्चिम नेपालको खस साम्राज्यसँग जोडिन पुग्छ । श्रीपाली बम्म ठकुरीको वंशावलीमा नागराजले “बडुवालराजा, रावलराजा, पालराजा, थापाराजा, खड्काराजा, विराटराजा र जाडेराजाकन मारिकन खारी कोटको राज्य बढायाको हो । बडामहाराजाका पालामा दशै दिशा जिती सिँजानगरीमा सुनको दरबार लगाएको हो” भनिएको छ (अधिकारी, २०६१, पृ. ३६-३७) । यस भनाइबाट पनि नागराजले तिब्बतबाट विजय सुरु गरी कर्णाली प्रदेश अन्य खस राज्यहरु विजय गरेर सिँजालाई राजधानी बनाइएको रहेछ भन्ने कुराको जानकारी पाइन्छ । अर्को भनाइअनुसार उत्तिम थापाका छोरा बलिराज जुम्ला राज्यका संस्थापक राजा हुन् भनिएको छ (अधिकारी, २०६१, पृ. ८२) । उनै खस बलिराज थापालाई ‘लोकसाहित्यको विवेचना’ ग्रन्थमा जुम्लाको पहिलो राजा भएको र उनैबाट ‘जगात’ उठाइएको थियो र नेपाली समाजमा भैलो प्रथा सुरु गरिएको हो भनिएको छ (थापा र सुवेदी, २०४१, पृ. १६७-१६८) । यी भनाइहरुबाट पनि थापाहरुलाई खसान क्षेत्रसँग जोडेर हेर्न सकिन्छ ।

बसन्त थापा (२०४७) ले तयार गरेको वंशावलीमा पनि कालु थापाका चार भाइ छोराहरुको चर्चा गर्दै उनै कालु थापाका १३ औं पुस्ताका सन्तान बलिराज थापा, २४ औं पुस्ताका सन्तान काजी अमरसिंह थापा र २५ औं पुस्ताका सन्तान मुख्तियार भीमसेन थापा भएको वंशवृक्ष प्रस्तुत गरेका छन् (थापा, २०४७, पृ. १९-२१) । यो वंशावलीले पनि बगाले थापालाई खस परम्परासँग जोडेको छ । नरहरिनाथले ‘इतिहास प्रकाश’ (२०१२) मा उल्लेख गरेअनुसार कालु थापा (सम्वत् १२४६) का चार भाइ छोराहरूमा जेठा पुन्याकरले पुला, माइला तारापतिले ताकम, साहिँला बिरुले रुकुम र कान्छा धर्मराजले ज्यामरुकमा राज्य चलाएका थिए भनिएको छ (थापा, २०७३, पृ. ७) । यही भनाइलाई आधार मानी प्रायः थापाहरुका वंशावली र इतिहास लेखिएका छन् ।

मोहनबहादुर मल्ल (२०२८, पृ. २८) को ‘पर्वतको इतिहास’ मा सम्वत् १५४५ तिर डिम्बबम मल्लले थापाको ताकम राज्यमा हमला गरी ‘रजाइँ हाम्रो, कजाइँ तिम्रो’ भनी सम्झौता गरेका थिए भनिएको छ । चन्द्रप्रकाश बानियाँ (२०६२, पृ. १२७) ले आफ्नो ‘ऐतिहासिक पर्वतराज्य’ पुस्तकमा ताकम, पुला र ज्यामरुक इलाकामा तीन सय वर्ष अविच्छिन्न रुपमा कालु थापाकै सन्तानले चार हजार पर्वत नामको राज्य चलाएका थिए, उनैबाट खोसेर डिम्ब महाराजले बीस हजार पर्वतराज्य कायम गरेका हुन् भनेका छन् । अर्को लेखमा मल्लहरुको आगमन (१५४५) पूर्व बागलुङ बजारको आसपासका थुम/कोटहरुमा भुरेटाकुरे बगाले थापा राजाको शासन चल्थ्यो भनिएको छ (शर्मा, २०७०, पृ. ९) । यी भनाइहरुबाट पनि बगाले थापाको इतिहास खोज्न सकिने अवस्था छ ।

मदनप्रसाद पाण्डेय (वर्ष ७८) को भनाइअनुसार पनि कुनै समयमा

बागलुङको पञ्चकोट भनेर चिनिने संसारकोट, रायँरायँकोट, माझकोट, कारीकोट (कार्कीकोट) र ताराजलकोट (जफतीकोट) मा उनै बगाले थापाका सन्तानहरु भुरेटाकुरे राजाका रुपमा बस्थे रे । कार्कीकोटका राजाले बागलङ कालिकादेवीका नाममा ६० मुरी खेत गुठी राखिदिएका थिए रे भन्ने भनाइ मदनप्रसाद पाण्डेयको छ (मौखिक अन्तर्वार्ता, २०७९) । पाण्डेयले उनै थापा राजाले कार्कीकोटमा गुठी राखिदिएको प्रमाण काठमाडौँको गुठीसंस्थान र बागलुङको मालपोत कार्यालयमा सुरक्षित रहेको दाबी गर्दछन् । कार्कीकोट गुठीको भोगचलन गर्ने मोहीहरुले जग्गाको हकदाबी गरेपछि सर्वोच्च अदालतसम्म पुगेर २५ वर्षसम्म मुद्दा लड्दा उनै ऐतिहासिक प्रमाणका आधारमा मुद्दा जितेको घटना उनी सुनाउँछन् ।

बागलुङ कालिकादेवी (माईथान) को गुठीसँगसम्बन्धित अभिलेखहरुको अध्ययन गर्दा पनि सर्दार अमरसिंह थापाले रामचन्द्र खड्काका नाममा जारी गरेको पत्रमा "अघिदेखि राखेको गुठीलाई हामीले पनि थामी दियौं ... पूजा गर, सरकारको जय मनाउ सम्वत् १८४५ साल ज्येष्ठ शुदि ३ रोज ७ मुकाम कार्कीकोट शुभम्" लेखिएको छ । त्यसरी नै अर्को तत्कालीन महाराजाधिराजले वि.सं.१८५९ मा जारी गरेको पत्रमा पनि "१४ पुस्ता अघिदेखि राखिएको गुठीलाई हामीले पनि थामी बक्स्याका छौं" भनिएको छ (खडका, २०६५, पृ. ५८) । यी अभिलेखहरुबाट पनि पर्वत राज्यमा मल्लहरुको आगमनपूर्व नै कार्कीकोटमा मुकाम वा कुनै शक्तिकेन्द्र रहेछ भन्ने पुष्टी हुन्छ । यिनै बगाले थापाका सन्तानहरु म्याग्दी, पर्वत र बागलुङ जिल्लाका विभिन्न स्थानमा छरिएर रहेका छन् ।

बगाले थापाहरु मस्टो पुजक खस हुन् । बगाले थापाको मस्टो पूजाको समय, विधि र पद्धतिमा कतै पनि एकरुपता पाइदैन । तान्त्रिक विधिपूर्वक गर्नुपर्ने मस्टोपूजा ठाउँअनुसार फरकफरक विधि र पद्धति अङ्गालेर पूजा गरिन्छ । बगाले थापाको कुलपरम्परामा एकरुपता नहुनुका कारणहरुमा भीमसेन थापा (वि.सं. १८९६) र माथवरसिंह थापा (वि.सं. १९०२) को हत्यापछि थापाहरु सत्ताच्युत मात्रै होइन, ज्युज्यान जोगाउन पनि भागाभाग हुनु पर्‍यो । यसरी भागदौडका क्रममा थापाहरुले स्थानअनुसार कुल, इष्टदेवता, पूजाविधि र गोत्रसमेत त्याग्नु पर्ने परिस्थितिका कारणले गर्दा कुल वा मस्टो पूजामा एकरुपता कायम हुन नसकेको तर्क पनि पाइन्छ (थापा, २०६३, पृ. ३२) । तर थापाको मात्र नभइ अन्य थरका खसहरुको मस्टो पूजाविधिमा पनि एकरुपता पाइदैन ।

खसहरुले मान्ने परम्परागत कुलदेवतालाई मस्टो भनिन्छ । पुरानो मान्यताअनुसार मस्टो र बराहका लागि मूर्ति र मन्दिरको परिकल्पना हुँदैनथ्यो । बगाले थापा, गलकोट मल्मको कुल र कुलपूजा विधिको स्थलगत अवलोकन गर्दा पुरानो प्रकृतिमैत्री कुल्यानथानमा ढुङ्गाको ओढारलाई चारैतिरबाट पर्खालले घेरिएको थियो । त्यही पर्खालभित्रको भागलाई गौरा वा गवारो भनिन्थ्यो । पुरानो संरचनामा ओढारभित्र ढुङ्गाको थानमाथि तीनवटा शिला (अन्दाजी १० के.जी., एक के.जी. र दुई सय ग्रामका) परापूर्वकालदेखि पुर्खाले थापना गरेका थिए ( दुर्गाबहादुर थापा, वर्ष ८१) । गवारोभित्रै त्यसको करिब दस हात पर सानो बराहको थान बनाइएको थियो । त्यही ओढारमा प्रत्येक तीन वर्षको एकपल्ट मङ्सिर शुल्क अष्टमीको तिथिमा कुलपूजा गरिन्थ्यो । यही गौराभित्र अर्खालो, ढाल्ने कटुस, निगालो, बाँस, फलेदो, चिलाउनी, मल्लतो लगायतका ठुलासाना विभिन्न प्रजातिका रुखहरुको फेदमा विशुद्ध प्रकृति मैत्री मस्टोथान बनाइएको थियो । तर २०५० सालपछि यसमा आमूल परिवर्तन आएको छ ।

परम्परित मान्यताअनुसार नै गलकोट, मल्ममा २०५० सालसम्म गौराभित्रको ओढारमा मस्टो वा कुलपूजा गरिन्थ्यो । ओढारभित्रै मस्टो र अन्य इष्टदेवताको प्रतीकका रुपमा सामान्य थान बनाएर छुट्टाछुट्टै लाम्चो आकारका शिलाहरु ठड्याएर राखिएका थिए । तिनीहरु मध्ये कुन शिला कुन देउदेवताको हो भन्ने उनै धामी र मूल पुजारीलाई मात्र थाहा हुन्थ्यो । गौराभित्रको थानको संरचनामा केही परिवर्तन गरेर २०५२ सालपछि क्रमागत रुपमा मस्टोको थानमा आमूल परिवर्तन गरियो । मस्टोको रुपान्तरणसँगै थानमा गणेश, विन्दवासिनी, सोमलिङ्ग, मस्टबराह र सिद्धका नाममा पाँचवटा आकर्षक मन्दिर बनाइएका छन् ।

पुरानो मान्यताअनुसार कुलपूजाको तीन दिन पहिलेदेखि गौरा बार्ने ( ढाल्ने कटुसको स्याउलाले बाहिरबाट भित्र नदेखिने गरी चौघेरै पर्खाल छोप्ने) चलन थियो । आफ्ना कुल वा मस्टो र बलिमारको दृश्य अरुलाई देखाउनु हुँदैन भन्ने मान्यता थियो । चोखोनिष्ठ र कुलाचारमा रहेका बन्धुबाहेकलाई गौराभित्र प्रवेश गर्नु र गराउनु हुँदैन भन्ने मान्यता रहेको थियो । पछिल्लो समयमा परम्पराको क्रमभङ्गतासँगै बगाले थापाको कुल र कुल्यानथानमा व्यापक रुपान्तरण गरिएको छ । मन्दिरकै पद्धतिमा दैनिक पूजाआजा गर्न थालिएको छ ।

मस्टोपूजाको तान्त्रिक विधिमा व्यापक परिवर्तन आएको छ । एउटा कुल्यानथानको गौराभित्र आज पाँचवटा मन्दिर निर्माण गरिएका छन् । मन्दिरका देवीदेवताहरुले शास्त्रीय ब्राह्मण पुजारीको अपेक्षा गरिरहेका छन् । मस्टो र बराहका थान, तान्त्रिक पूजाविधि, धामी र धामीको औचित्य ओझेलमा पर्दै गएको अवस्था छ । मस्टोको मूल थानमा सोमलिङ्गको मन्दिर, शिवको मूर्ति र मस्टको शिलालाई एकै ठाउँमा राखिएको छ । यसको देखासिकी अन्य समुदायका मस्टो पुजकहरुले पनि गरिरहेका छन् । यसले पर्यटकीय आकर्षण र अहम्बोधको प्रदर्शन त गर्ला तर परम्पराको निरन्तरता र प्रकृतिमैत्री थानको अस्तित्व गुमाएको छ ।

निराकार बराहको थानमा मस्टो र बराहलाई एउटै देवता मानी मस्टबराहको मन्दिर निर्माण गरेर मन्दिरभित्र बराहको मूर्ति प्रतिस्थापन गरिएको छ । यसर्थ थान र मन्दिर, मस्टो र बराह, कुलदेवता र इष्टदेवता, तान्त्रिक पूजाविधि र शास्त्रीय वा वैदिक पूजाविधिका विषयमा थप अन्योलता बढेको छ । यस विषयमा सम्बन्धित विशेषज्ञद्वारा थप अध्ययन र बहस चलाउनुपर्ने देखिन्छ ।

बगाले थापाको आदि भूमि भनेर चिनिने म्याग्दी जिल्लाको ताकम र त्यहाँबाट अन्यत्र गएका थापाहरुको कुलपूजा विधिमा पनि एकरुपता पाइदैन । तमबहादुर थापा (वर्ष ७१) का अनुसार ताकममा हरेक तीन वर्षमा ज्येष्ठी पूर्णिमाका दिन सोमलिङ्गका नाममा धूपधजा र नैवेद्य, मस्टोबराहका नाममा साँढ, कालिका/कलङ्कीका नाममा बोको र भैरवका नाममा बोको बलि चढाइन्छ । बूढापाकाहरुको भनाइअनुसार मल्लहरुले थापाको राज्य खोसेको र पछि सम्झौता गरी थापाले पुज्दै आएका कलङ्कीलाई मल्लले पुज्ने र मल्लले पुजेका सोमलिङ्गलाई थापाले पुज्ने गरी कुल साटेका थिए रे भनिन्छ ।

कालान्तरमा मल्लले थापाका कलङ्की पुज्न छोडेपछि थापा आफूले पुज्दै आएका सोमलिङ्गलाई निरन्तररुपमा र २०४२ सालदेखि

कलङ्कीसमेत दुबै कुलदेवता पुज्न थालेका हुन् भन्ने भनाइ रिमप्रकाश थापा (वर्ष ५३) को छ । कुल एउटै थानमा पुजेर पनि कसैको भनाइ सोमलिङ्गका नाममा बोको बलि चढाइन्छ भन्ने छ भने कसैको भनाइ सोमलिङ्गलाई नैवेद्य चढाइन्छ भन्ने छ । यसको अर्थ यहाँ पनि मस्टो पूजाको विधिका विषयमा एउटै र स्पष्ट धारणा पाइदैन ।

ताकममा पनि परापूर्व कालदेखि खुला आकाशमुनि पुजिदै आएको मस्टोलाई वि.सं. २०४८ तिर मन्दिर बनाएर पुज्न थालियो तर मस्टोलाई मन्दिरमा पुजिदैन भन्ने बहस चलेपछि वि.सं. २०७१ देखि पुनः खुला आकाश, पैयुँ र टिमिलोका रुखमुनि कुलपुज्न थालेको अनुभव उनै रिमप्रकाश थापाले सुनाउँछन् । वास्तवमा मस्टोलाई मस्टोकै विधिपूर्वक त्यहाँ पनि पूजा नभएको अनुभव रिमप्रकाश थापा सुनाउँछन् । खस र मस्टो पूजाको अवशेषका रुपमा अद्यापि ताकममा तीन दिन अगावै थान सफा गर्ने, चोखो खाने, गौरा वा गवारा बार्ने, मूल धामीद्वारा झाँक बस्ने, शुभाशुभको भविष्यवाणी गर्ने आदि काम भने हुँदै आएको पाइन्छ ।

सुनिल स्मृति गाउँपालिका गजुलकोट वडा नं. ६, रोल्पामा बसोबास गर्ने बगाले थापाको कुल्यानथान र कुलपूजा विधिको स्थलगत अवलोकन गर्दा अन्यत्रभन्दा केही फरक र आफ्नै मौलिक प्रकृतिको देखिन्छ । स्थानीय हिराबहादुर थापा (वर्ष ६४) को भनाइ र आफ्नै अवलोकन भ्रमण (२०७६) बाट प्राप्त अनुभवका आधारमा त्यहाँको मस्टो वा कुलपूजा विधि विशुद्ध तान्त्रिक र प्रकृतिमैत्री देखिन्छ । त्यहाँ करिब पाँच सय वर्ष पुरानो (वि.सं. १५०५ तिरको) ठूलो रैच (कटुसको जस्तै फल लाग्ने रुख) को बोटमुनि तीनवटा सामान्य ढुङ्गाका थानहरु छन् । त्यसको करिब ३० मिटर टाढा खुला आकाशमुनि निराकार अर्को एउटा ढुङ्गालाई बराहको प्रतीक वा थान मानिएको छ । त्यही रैचको बोटमुनि दुई वर्षमा एकपल्ट (एक वर्ष बिराएर) बोको बलि चढाएर मस्टोको पूजा हुन्छ भने साँढको बलि चढाएर बराहको पूजा हुन्छ ।

मङ्सिर महिनाको शुक्ल अष्टमी तिथिका दिन थानबाट भौँगर (बजाउने तामाको बाजा वा कर्नाल) निकालिन्छ र चतुर्दशीसम्म घरघरमा सरसफाइ, चोखोनिष्ठ, थानको सरसफाइ र स्याउलाले थानवरिपरि गौरा बार्ने काम हुन्छ । त्रयोदशीको बेलुका साँझ ब्युघर (मूल घर) मा सबै बन्धुहरु र धामीहरु जम्मा भएर झाँक बस्ने, तीनवटा पुजारी (जेठी, माइली र कान्छी) ले तीन ठाउँमा बत्ती बाल्ने, आआफ्ना पितृदेवता, मस्टो वा कुलदेवता र इष्ट देवतालाई बोलाउने, मस्टो चढेमा नयाँ धामीहरु उतार्ने, मूल धामी बकाएर आफ्ना पितापूर्खाहरु कहाँबाट केकसरी त्यो ठाउँमा आएका हुन् भन्न लगाउने, वैयक्तिक शुभाशुभका विषयमा भविष्यवाणी गर्ने/गराउने, आफ्नो मौखिक परम्परालाई सुन्ने र सुनाउने जस्ता कामहरु हुन्छन् । त्यो रात त्यही ब्युघरमा बसी भोलिपल्ट (चतुर्दशी) स्याबरै (सबेरै) घण्ट, दीप, कलस, निमको बोको, साँढसहित आआफ्ना भाकल, विवाह र पुत्वढाइका नाममा बोका, बाजगाजा र झाँकीसहित मस्टो थानमा प्रवेश गरिन्छ ।

रैचको फेँदमा रहेका तीनवटा थानमा उनै तीनवटा धामीले तान्त्रिक विधिपूर्वक पूजा सकेपछि निमको बोको उत्तानो पारी धामीले सेरेको अभिनय गरेपछि क्रमशः सबै बोकाहरु उत्तानो काटिन्छ (हिराबहादुर थापा, वर्ष ६४) । मस्टोको पूजा सकिएपछि मात्रै बराहको थानमा भेडाको साँढ बलि चढाइन्छ । हिराबहादुर थापाका अनुसार गजुलकोटका अन्य खसहरुले पनि यसरी नै मस्टो पूजा गर्दछन् । केही खसहरुले सेरेर बलि चढाउनु हुँदैन भन्ने बहस पनि चलाएका रहेछन् । त्यहाँको विशेषता भनेकै तान्त्रिक विधिपूर्वक मस्टोपूजा, प्रकृतिमैत्री मस्टोको थान र परम्परित मस्टोपूजाको निरन्तरता पाइनुका साथै मस्टो र बराह पूजाको मौलिकता पाइनु हो ।

समग्रमा भन्नुपर्दा थापाहरूको कुल पूजामा मामा पर्ने मस्टो वा कुलको नाममा एक बर्ने बोको र भान्जा पर्ने बराहलाई एक बर्ने भेडाको साँढ बलि चढाइन्छ । अन्य देवीदेवता र थानीमण्डलीका नाममा धुपधजा चढाइन्छ । पूजाको दिनमा मूल घरबाट निमको बोको, बाँसको लिङ्गो, धुपधजा, कलस, पूजासामग्री र बाजागाजासहित थानमा प्रस्तान गरिन्छ । सबैको साझा वा निमको बोको र भेडाको साँढ सामूहिक कुल (मस्टो र बराह) का नाममा बलि चढाइन्छ भने अन्य पुत्वढाइ, विवाह र भाकल स्वरुप प्रत्येक घरघरबाट कुलका नाममा बोका बलि चढाइन्छ ।

बगाले थापाको मस्टोपूजामा कुलको प्रसादी घरघरमा लगी आफन्तजनलाई निम्ता गरेर भोजभतेर गराइन्छ । कुल पुज्ने विधि र परम्पराका विषयमा कुलको धामीले पतुर्ने चलन हुन्छ । परम्परित तिथिका दिनमा धामीकै निर्देशनअनुसार पूजा सम्पन्न गरिन्छ । परम्पराको निरन्तरतासँगै अरुको देखासिकीबाट भएको रुपान्तरणले गर्दा समय, स्थान र अवस्थाअनुसार फरकफरक ढङ्गले मस्टो पुज्ने गरेको देखिन्छ । वास्तवमा मस्टो पुजक खसहरुको कुलपूजा तान्त्रिक विधिपूर्वक धामीको निर्देशनअनुसार हुनु पर्दछ ।

## निष्कर्ष

यसरी खसहरुको इतिहास खोजी गर्दै जाँदा झण्डै चार हजार वर्ष पुरानो देखिन्छ । बेबिलोनियाबाट विभिन्न आरोह अवरोह पार गर्दै इसाको पाँचौं शताब्दी पूर्व नै खसहरु कुमाऊँबाट पश्चिम नेपालमा भित्रिसकेका थिए । खस (नागराज) ले सिँजामा स्थापना गरेको राज्य विस्तार हुँदै जाँदा अशोक चल्लको समयसम्ममा खारी प्रदेश, केदार खण्ड र कर्णाली प्रदेशलाईसमेत समेटी विशाल खस साम्राज्य बन्न पुग्यो । अशोक चल्लको समयमा खस साम्राज्यको सीमा पश्चिमको सतलज नदीसम्म र पूर्वमा त्रिशुली नदीसम्म फैलिएको थियो ।

खसहरु आफैँमा प्रकृति पुजक र बुद्ध धर्मावलम्बी हुन् । बाल्हिक तथा सिन्धु प्रदेशमा आइपुगेपछि खसहरुमा हिन्दु वर्णव्यवस्थाको प्रभाव देखिन थालेको र वैदिक आर्यहरुसँगको सम्बन्ध बढ्दै गएको देखिन्छ । आजको युगमा आइपुग्दा खसहरुले आफ्ना मौलिक पहिचानहरु गुमाइसकेको अवस्था छ । खसका बाँकी रहेका विशेषता भनेकै खस भाषा र मस्टो परम्परा हुन् । विभिन्न परिस्थितिसँग अनुकूलन र रुपान्तरण हुँदै यी दुई परम्पराले निरन्तरता पाइरहेको अवस्था छ । खसहरुका मस्टो देवता आफैँमा निराकार, निरञ्जन र खुला आकाशमुनि बस्ने अधिष्ठाता हुन् । तर कतिपय स्थानमा मस्टो पूजापद्धतिमा विचलन आइसकेको अवस्था छ । मस्टो पुजकहरुका लागि बराह इष्टदेवता हुन् तर व्यवहारमा दुबैलाई एउटै सम्झिएर मस्टबराह भनी एउटै देवताका नाममा साँढ बलि चढाएको पनि पाइन्छ ।

खसहरुले पुज्ने थानीमण्डली र थानहरू वातावरण मैत्री, प्रकृतिपरक, जैविक विविधता र एकताका प्रतीक मानिन्छन् । थानहरू रैथाने सीप, साधन र स्रोतमा आधारित हुन्छन् । प्रारम्भिक अवस्थामा थानका उपासुहरूमा तान्त्रिक र प्राकृतिक विद्या (रैथाने ज्ञान) को अनिवार्यता थियो तर त्यो तान्त्रिक विद्याले निरन्तरता पाउन सकेन । थान र स्थानीय देवीदेवताको मौलिकता पनि हराउँदै गयो । शास्त्रीय विद्या र

मन्दिरप्रतिको आकर्षण बढ्दै जानाले कतिपय स्थानमा हजारौं वर्ष पुराना थानहरु धमाधम भत्काएर र सयौं वर्ष पुराना रुखहरू ढालेर वा ढलेका स्थानमा मन्दिर निर्माण भएका उदाहरणहरू पनि भेटिन्छन् ।

पहाडी विकट र दूरदराजमा बस्ने खसहरुको बसाइँ सराइ, तीव्र सहरीकरण, बहुसांस्कृतिक सम्मिश्रण, वैदेशिक रोजगारी र पश्चिमा शिक्षाप्रतिको आकर्षणले पनि आफ्ना मौलिक पहिचानहरु गुम्दै गएका र शक्ति क्षीण हुँदै गएको अर्थ लगाउन सकिन्छ । अधिकांश मस्टोका थानहरू र पूजापद्धतिसँग परम्पराको निरन्तरता, स्वनिर्भरता, मौलिक पहिचान, वातावरणीय सन्तुलन र नयाँ पुस्ताको आकर्षणमा कमी हुँदै गएको पाइन्छ ।

मस्टो परम्परामा कुलको मुख्य व्यक्ति भनेकै धामी हो । धामी परम्परा हराउँदै गएको छ । मस्टो र मस्टोका थानहरूको मौलिकपन, पूजाविधि, परम्परागत आकर्षण, प्राकृतिक गुण र रैथाने मानमनितो पनि हराउँदै गएको छ । नेपालीपन खस सभ्यतासँग जोडिएको छ । तसर्थ खसको इतिहास, नेपाली भाषा र मस्टो परम्परालाई हस्तान्तरण, पुस्तान्तरण र निरन्तरता दिनु सबै नेपालीको साझा कर्तव्य हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि (२०६१), *खश साम्राज्यको इतिहास,* भुँडी प्रकाशन ।

अधिकारी, सूर्यमणि (२०५६), *नेपाली भाषाको इतिहास,* भु“डी पुराण प्रकाशन ।

खत्री, प्रेमकुमार (२०५८), *नेपालका धार्मिक मत र सामाजिक संरचना,* एक. के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युसन ।

खडका, बिदुर (२०६५), *बागलुङका पुवार खडका,* सुगंगा प्रकाशन ।

गुरुङ, जगमान (२०७६), *खश जाति र मष्टो परम्पराबारे जानकारी,* www.samajkoawaj.com (2080\04\20) ।

तिवारी, गोपालनिधि (२०३०), *नेपाली भाषाको बनोट,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तिवारी, भोलानाथ (१९९६), *भाषाविज्ञान,* किताव महल २२-ए ।

थापा, दिनबहादुर (२०७३), *बगाले थापाको वंश : विगतदेखि वर्तमानसम्म,* सातसय बगाले थापा समाज ।

थापा, दिनबहादुर (२०७४), *भाषाविज्ञान र नेपाली भाषा,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

थापा, दिनबहादुर (२०८०), बगाले थापाको कुल र कुल्यानथान, *स्वाभिमान,* सातसय बगाले थापा समाज पृ.५–२३ ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचन,* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

थापा, भीमबहादुर (२०६३), *बगाले थापा क्षत्रीको वंशावली,* बगाले थापा क्षत्री समाज ।

थापा, बशन्तबहादुर (२०४७), *बगाले थापा वंशावली,* श्रीमती सानु थापा ।

देवकोटा, रत्नाकर (२०६४), *बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना,* कुमार खड्ग प्राइभेट स्टडिज ।

पोखरेल, बालकृष्ण (२०५६), *खस जातिको इतिहास,* फिनिक्स बुक्स ।

पोखरेल, माधवप्रसाद (२०७६), *मस्टो हाम्रो कुलदेवता,* https://jhannaya.nayapatrikadaily.com/news-details/652/2019 (2080\7\15)

बानियाँ, कर्णबहादुर (२०७५), *म्याग्दीको इतिहास, संस्कृति र सम्पदा,* विष्णुदेवी बानियाँ ।

बानियाँ, चन्द्रप्रकाश (२०६२), *ऐतिहासिक पर्वत राज्य,* म्याग्दी पुस्तकालय ।

भट्टराई, शरद्चन्द्र र भट्टराई घटराज (२०४७), *प्राचीन गद्य,* साझा प्रकाशन ।

मल्ल, मोहनबहादुर (२०२८), पर्वतको इतिहास, *प्राचीन नेपाल,* पुरातत्व विभागको मुखपत्र, पृ. ४२-५३) ।

रेग्मी उपाध्याय, चूडामणि (२०२५), *नेपाली भाषाको उत्पत्ति,* साझा प्रकाशन ।

शर्मा, गोपीनाथ (२०७१), *चौबीसी राज्यको इतिहास* : शिक्षा, कला र संस्कृति, मकालु प्रकाशन ।

शर्मा, विष्णुप्रसाद (२०७०), दर्शनीय ऐतिहासिक स्थल, कारीकोट बारे केही कुरा, *प्रज्ञा-सारथि, स्वर्ण महोत्सव विशेषाङ्क,* त्रि.वि. प्राध्यापक संघ, एकाइ समिति धवलागिरि बहुमुखी क्याम्पस, पृ. ७-१८ ।

श्रेष्ठ, दयाराम (२०३८), *प्राथमिक कालको नेपाली साहित्य, इतिहास र परम्परा,* त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।


**सम्पर्क र संवाद**

तमबहादुर थापा, वर्ष ७१, धवलागिरि गाउँपालिका, वडा नं. ७, ताकम, म्याग्दी ।

दुर्गाबहादुर थापा, वर्ष ८१, गलकोट नगरपालिका, वडा नं. ७, मल्म, बागलुङ ।

मदनप्रसाद पाण्डेय, वर्ष ७८, बागलुङ नगरपालिका, वडा नं. २, बागलुङ ।

रिमप्रकाश थापा, वर्ष ५३, धवलागिरि गाउँपालिका, वडा नं. ७, ताकम, म्याग्दी ।

हिराबहादुर थापा, वर्ष ६४, सुनिलस्मृति गाउँपालिका, वडा नं. ६, गजुलकोट, रोल्पा ।


**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically


**Authors Bio-notes**


Din Bahadur Thapa is a Professor of Nepali language, at Tribhuvan University, Nepal. He has got PhD in Sociolinguisticsfrom TU, Nepal. His focal area of study is socio-linguistics and Nepali Folklore.